# जलेश्वर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
जलेश्वर, महोत्तरी मधेश प्रदेश

पत्र संख्या:- ०७९/०८०
च.नं.:- ११४१

मिति:-२०७९।०९।०७

जलेश्वर नगरपालिका नगर कार्यपालिकाको कार्यालय जलेश्वर, महोत्तरी मधेश प्रदेश नेपाल २०७३

**विषय:- सूचना टाँस गरि जानकारी पठाई दिन हुन बारे ।**

श्री सम्पूर्ण (१-१२) सम्मको वडा कार्यालयहरु
महोत्तरी ,जलेश्वर

प्रस्तुत विषयमा यस जलेश्वर न.पा.कार्यालयको अधिनस्तमा रहेको ज.न.पा. वडा नं. ४ र ११ स्थितको सार्वजनिक पोखरीहरुको सूचना पाना थान-२ यसै पत्र साथ संलग्न राखी पठाईएको छु । तहाँ कार्यालयको सूचना पाटीमा टाँस गरि सो को जानकारी पठाई दिन हुन अनुरोध छ ।

...................................
निमित प्रमुख प्रशासकिय अधिकृत

# जलेश्वर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
### जलेश्वर, महोत्तरी मधेश प्रदेश

पत्र संख्या:-२०७९/०८०
च.नं.:-

मितिः-२०७९।०९।०७

## सूचना ।    सूचना ॥    सूचना ॥।

## सूचना प्रकाशित मितिः- २०७९।०९।०७

जिल्ला महोत्तरी जलेश्वर नगरपालिका वडा नं. ४ र ११ स्थित सार्वजनिक पोखरीहरुको आ.व. २०७९।०८० को २०७९ साल माघ ०१ गते देखी आ.व. २०८३।०८४ को २०८४ साल पौष मसान्त सम्म वर्ष ५ को लागि ठेक्का बन्दोवस्त गर्नु पर्ने भएकोले इच्छुक माहानुभावहरुले निम्न शर्तको अधिनमा रही शिलबन्दी बोलपत्र दिन हुन सर्वसाधारणको जानकारीको लागि दोस्रो पटक यो १५ दिने सिलबन्दी बोलपत्र दर्ता गराउन हुन सुचना प्रकाशित गरिएको छ ।

**तपसिल**

१.उल्लेखित पोखरीको शिलबन्दी बोलपत्र दिनु पर्ने छ र शिल बोलपत्र खाममा पोखरीको नाम किता नं. र क्षेत्रफल उल्लेख भएको हुनुपर्ने छ ।

२.बोलपत्र फाराम दस्तुर यस कार्यालयबाट पछि फिर्ता नहुने गरी रु.१,०००।- तिरी १५औं दिन सम्म यस कार्यालयबाट कार्यालय समय सम्म खरिद गर्न सकिनेछ ।

३. शिलबन्दी बोलपत्र १६ औं दिन दिनको १:०० बजे सम्म यस कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ ।

४.पर्न आएको शिलबन्दी बोलपत्र १६ औं दिन दिनको ३ :०० बजे प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । सो समयमा बोलपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोलिने काम रोकिने छैन ।

५. शिलबन्दी बोलपत्र दिने व्यक्ति नेपाली नागरिक भएमा ५ प्रतिशत यस कार्यालयको जलेश्वर स्थित रहेको रा. ब.बैंकमा धरौटी हि.नं. १२७०१००३०३००००३ मा जम्मा गरेको बैंक भाउचर सक्कल, टिकट वापत रु.१०।-को नोट तथा फर्मको हकमा नविकरण सहितको फर्म लगायत अन्य प्रमाणपत्रको प्रतिलिपि सम्बन्धी कागजातहरु व्यक्तिको हकमा ना.प्र.पत्रको फोटोकापी समेत बोलपत्र साथ संलग्न राखि पेश गर्नुपर्ने छ तथा धरौटी रकम नगदलाई मान्यता दिईने छैन ।

६. सबै भन्दा बढी कबुल अंकवालाको ठेक्का स्वीकृत भएपछि तोकिएको समयमा पट्टा उठाउनु पर्नेछ । पट्टा उठाउन नआएमा राखेको धरौटी रकम जफत गरी नियमानुसार क्रमशः ठेक्का अर्कोलाई दिने नदिने अधिकार कार्यालयमा सुरक्षित रहनेछ ।

प्रमुख प्रशासकिय अधिकृत

"पवित्र,सुन्दर,हरित,समृद्ध जलेश्वर"

web:www.jaleshwarmun.gov.np,info@jaleshwarmun.gov.np

# जलेश्वर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
**जलेश्वर, महोत्तरी मधेश प्रदेश**

पत्र संख्याः-२०७९/०८०
च.नं.:-

मितिः-२०७९।०९।०७

७. ठेक्का स्विकृत भएपछि स्वीकृत ठेक अंकको प्रथम किस्ताको रकम यस कार्यालयमा बुझाउनुपर्ने र दामासाहीले १ किस्ता बराबरको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त (क) वर्ग बैंकको कम्तीमा १ वर्ष म्याद भएको बैंक जमानी पत्र वा २ किस्ता बराबरको नगदै रकम यस कार्यालयमा प्राप्त भएपछि पट्टा दिने र कबुलियतको कार्य हुनेछ। साथै अन्य किस्ताको हकमा अगामी वर्ष पौष मसान्त भित्र अर्को किस्ता बुझाउनु पर्ने छ र सो नबुझाएमा ठेक्का रद गर्ने तर्फ कार्यवाही भै जाने छ।

८.किस्ताको हकमा कवुल अंकको ५ किस्ता कायम गरिनेछ। पहिलो किस्ता पट्टा उठाउने दिन र अन्य किस्ता कार्यालयले तोकिएको मितिमा बुझाउनु पर्नेछ।

९. बोलपत्र फाराममा कुनै किसिमको शर्त वा कैफियत उल्लेख गर्न पाईने छैन। उल्लेख गरेको बोलपत्र स्वतः रद्ध हुनेछ।

१०. ठेकदारको सम्झौता गर्दा ठेक्का अनुसारको सम्पुर्ण किस्ता रकम एकमुस्त बुझाएमा बढीमा १० प्रतिशत सम्म छुट दिन सकिनेछ।

११. नगरपालिकाले तोकिएको समयमा किस्ता रकम नबुझाएमा १० प्रतिशत ब्याज सहित असुल गरिनेछ। वा नियमानुसार ठेक्का रद्ध गरि धरौटी जफत गर्न सकिनेछ।

१२. ठेक्का लिदाँ नेपाल सरकारलाई बुझाउनु पर्ने कर , दस्तुर स्वयम् ठेकेदारले नै बुझाउनु पर्नेछ र बुझाएको प्रमाण पेश हुन आएमा धरौटी रकम फिर्ता गरिनेछ।

१३. पोखरीको चलन गर्दा साविकको आकार प्रकारमा न.पा. को स्वीकृती विना कुनै पनि किसिमले हेरफेर गर्न पाईने छैन।

१४. पोखरीमा कुनै किसिमको विकास निर्माण कार्य गर्नु परेमा नगरपालिका कार्यालयले कुनै समयमा कुनै काम गर्न सक्नेछ। विकास निर्माणको कार्य गर्दा क्षतिपुर्ति सम्बन्धमा न.पा. को निर्णय अनुसार हुनेछ।

१५. ठेक्का लिदाँ हुने हानी नोक्सानी, दैवी प्रकोप वा अन्य हानी नोक्सानीको जवाफदेही कार्यालयको नभई स्वयं ठेकदार नै हुनेछ। अन्य कुरा प्रचलित कानून अनुसार हुनेछ।

१६. यस कार्यालयको कुनै पनि ठेक्काको रकम बाकी रहेको व्यक्तिलाई ठेक्का दिइने छैन।

१७. नगरपालिकाले दिएको निर्देशन र निर्णयको पालन ठेकदारले गर्नुपर्ने छ।

१८. कबुल अंकमा ठेक्का दिने नदिने सम्पुर्ण अधिकार कार्यालयमा सुरक्षित रहनेछ।

१९. रित नपुगेको वा म्याद नाघी आएको बोलपत्र माथि कुनै किसिमको कार्यवाही गरिने छैन।

२०.अन्य कुरा बुझ्नु परेमा कार्यालय खुलेको समयमा राजश्व शाखामा सम्पर्क राखी जानकारी लिन सकिनेछ।

२१. यस सुचनामा उल्लेखित वाहेकका विषयमा प्रचलित नेपाल कानून अनुसार हुनेछ।

निमित्त प्रमुख प्रशासकिय अधिकृत

"पवित्र,सुन्दर,हरित,समृद्ध जलेश्वर"

web:www.jaleshwarmun.gov.np,info@jaleshwarmun.gov.np

# जलेश्वर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## जलेश्वर, महोत्तरी मधेश प्रदेश

पत्र संख्या:-२०७९/०८०
च.नं.:-

मिति:-२०७९।०९।०७

| गा.वि.स. | साविक वडा नं. | किता नं. | क्षेत्रफल | पोखरीको नाम | चारकिला | न्युनतम अंक |
|---|---|---|---|---|---|---|
| सुगा भवानी पट्टी | ८ | ३९३ | ०-१५-० | मसुरपट्टी गाँउको पश्चिम कुनाको पोखरी | ................................. | ५,००,०००।- |
| पिगौना | ४ | २८४ | ०-२-९ | सार्वजनिक | पूर्वमा किता नं.९०/३२७ रामभजन साह, पश्चिममा कितानं.९०/४९८विन्देश्वर प्रसाद साह, उत्तरमा किता नं.९०/३२९रामकृपाल साह रदक्षिण किता नं.८८/२८५ पैनी | ७५,०००।- |
| पिगौना | ५ | २६६ | ०-४-१९ | सार्वजनिक | पूर्वमा किता नं.२६५सुर्य नारायण पाण्डेय ,पश्चिममा किता नं.२६३ किशोरी मिश्र, उत्तरमा कितानं.२६७ मुनरी तेली र दक्षिण किता न२६४ हरिचन्द्र पाण्डेय | २,००,०००।- |
| पिगौना | ५ | १५७ | ०-६-१७ | सार्वजनिक | पूर्वमा किता नं.१४७ गाउँ ,पश्चिममाकितानं.१५८गाउँ, उत्तरमाकितानं.५६रामलोचन चौधरी र दक्षिण किता नं.१५० पशुराम चौधरी | २,५०,०००।- |
| पिगौना | ५ | १६० | ०-१३-११/२ | सार्वजनिक | पूर्वमा किता नं.१६२ भोला मिश्र ,पश्चिममा किता नं. १५८, गाउँ उत्तरमा किता नं.१३३ रामनरेश मिश्र र दक्षिणकिता नं.१६३ पुण्यदेव मिश्र | ५,००,०००।- |
| पिगौना | ५ | ३०६ | ०-१०-५ | सार्वजनिक | पूर्वमा किता नं.२७७ वसुदेव साह,पश्चिममाकितानं.२५७,वसुदेव साहउत्तरमा किता नं.२४४ राम गुलाम साह र दक्षिण किता | ३,७५,०००।- |

# जलेश्वर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## जलेश्वर, महोत्तरी मधेश प्रदेश

पत्र संख्याः-२०७९/०८०
च.नं.:-

मितिः-२०७९।०९।०७

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | नं.२७२ रामऔतार साह | |
| पिगौना | ६ | २७८ | ०-६-० | सार्वजनिक | पूर्वमा बाटो ,पश्चिममा बाटो उत्तरमा घरवास किता नं. २७७ र दक्षिणमा बाटो | २,५०,०००।- |
| पिगौना | ६ | ३०७ | ०-७-१८ | सार्वजनिक | पूर्वमा सिमाना, पश्चिममा बाटो उत्तरमा बाटो र दक्षिणमा गाउँ कि.नं.३०८ | ३,७५,०००।- |
| पिगौना | ८ | २०६ | ०-९-७ १/२ | सार्वजनिक | पूर्वमा किता नं.२०७ सुखदेव चौधरी ,पश्चिममा किता नं. २०७ सुखदेव चौधरी उत्तरमा किता नं.२०७ सुखदेव चौधरी र दक्षिण किता नं.२०७ सुखदेव चौधरी | ५,००,०००।- |
| पिगौना | ९ | १०२ | ०-१४-१४ | सार्वजनिक | पूर्वमा किता नं.१०१ इसर पाण्डेय ,पश्चिममा किता नं. १०१ इसर पाण्डेय उत्तरमा किता १०१ इसर पाण्डेय र दक्षिण किता नं.१०१ इसर पाण्डेय | १०,००,०००।- |

अधिकृत

निमित्त प्रमुख प्रशासकिय अधिकृत